# कााँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक






राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १८३ | बिहीवार, ३ वैशाख, २०८३ | Thursday, 16 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


## पूर्वन्यायाधीश भण्डारीको संयोजकत्वमा सम्पत्ति जाँचबुझ आयोग गठन



कााँक्रेविहार संवाददाता
काठमाडौं, २ वैशाख

सरकारले २०६२/६३ सालदेखि २०७२/४३ सम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्च पदस्थ कर्मचारीहरूको सम्पत्ति विवरणको सङ्कलन तथा छानबिन गर्न सम्पत्ति, जाँचबुझ छानबिन आयोग गठन गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको संयोजकत्वमा चार सदस्यीय आयोग गठन गरेको हो ।

आयोगका सदस्यहरूमा पूर्वन्यायाधीशहरू चण्डीराज ढकाल, पुरुषोतम पक्षपति, पूर्वप्रहरी नायव महानिरीक्षक गणेश केसी र चार्टर्ड एकाउन्टेन्ट प्रकाश लम्साल छन् ।

प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएपछि सरकारले गतः चैत १३ गते १५ दिनभित्र समिति गठन गर्ने निर्णय गरेको थियो । सरकारले सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको ४३ औं नम्बरमा यसबारे उल्लेख गरिएको छ ।

उक्त बुँदामा देशमा आज भ्रष्टाचार, सम्पत्ति सुकाउने तथा दण्डहीनताको अन्य गर्ने प्रधानमन्ती तथा मन्त्रिपरिषद्को कार्यालय रहनेगरी १५ दिनभित्र अधिकारसम्पत्र सम्पत्ति छानबिन समिति गठन गर्ने उल्लेख छ ।

छानबिन प्रक्रियाताई कानूनी मापदण्ड, प्रमाणमा आधारित तथा निष्पक्ष रूपमा गर्ने अधिकार दिइएको छ ।

आयोगले पेश गर्ने प्रतिवेदन तथा सिफारिसहरू सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय सरकारले गरेको छ ।

### भेरी–बबई बहुउद्देश्यीय डाइभर्सन :

# राष्ट्रिय गौरवको आयोजना सम्पन्न हुने टुंगो छैन

कााँक्रेविहार संवाददाता
सुर्खेत, २ वैशाख

राष्ट्रिय गौरव आयोजना भेरी-बबई बहुउद्देश्यीय डाइभर्सन परियोजनाको समग्र भौतिक प्रगति ६९ प्रतिशतमा सीमित रहेको छ । परियोजनाका अनुसार चालु आर्थिक वर्षको चैत मसान्तसम्म वित्तीय प्रगति ५८ प्रतिशत मात्र पुगेको छ । आर्थिक वर्ष २०६८/०६९ मा सुरु गरिएको उक्त परियोजना प्रारम्भिक रूपमा ०७७/०७८ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर निर्धारित समयसीमा अनुसार काम अघि बढ्न नसक्दा परियोजना अझै अपूरै छ । परियोजनाको समयतालिका संशोधन गर्दै २०७८/०७९ मा सम्पन्न गर्ने लक्ष्य राखिए पनि अपेक्षित प्रगति हुन सकेको छैन । २०७१/०७२ देखि आयोजनास्थलमा काम सुरु भएको भए पनि विभिन्न कारणले निर्माण कार्य ढिलाइ हुँदै आएको छ । यति ठूलो राष्ट्रिय महत्वको परियोजनामा सुस्त प्रगति हुनुका साथै सम्पन्न हुने निश्चित समयसमेत तय हुन नसक्दा सरोकारवालाहरू चिन्तित बनेका छन् । आयोजना कहिले पूरा हुने भन्ने विषय अझै अन्योलमै रहेको छ । परियोजना व्यवस्थापन तथा सरोकारवालाहरूका अनुसार प्राविधिक जटिलता, बजेट व्यवस्थापनमा समस्या र ठेकेदारको सुस्त कार्यशैली मुख्य चुनौतीका रूपमा देखिएका छन् । परियोजनाको सुरुवाती चरणमै सुरुङ निर्माण जस्ता जटिल प्राविधिक काममा अपेक्षाअनुसार प्रगति हुन नसक्दा समग्र कार्यतालिका प्रभावित भएको बताइएको छ । साथै, समयमै पर्याप्त बजेट निकासा नहुँदा निर्माण कार्यले गति लिन नसकेको परियोजना स्रोतको भनाइ छ । कोरोना माहामारी, निर्माण सामग्रीको आपूर्ति समस्या तथा श्रमिक व्यवस्थापनमा कमजोरीका कारण पनि काममा ढिलाइ भएको जनाइएको छ । कोभिड-१९ महामारीका कारण केही समय निर्माण कार्य प्रभावित भएको तथा प्राकृतिक प्रकोपले पनि आयोजनाको गति सुस्त बनाएको सम्बन्धित पक्षले जनाएको छ ।

परियोजनामा देखिएको विविध चुनौतीका कारण पटक-पटक समयसीमा संशोधन गर्नुपरेको छ । तर परियोजना सम्पन्न हुने कुनै टुंगो छैन । परियोजनाको काम लक्ष्य अनुसार हुन्थ्यो भने दुई वर्षअघि नै सम्पन्न भई भेरीको पानी बबईमा खसालेर बाँके र बर्दियाको ५१ हजार हेक्टर जमिनमा बाह्रैमास सिँचाइ सुविधा पुगिसक्थ्यो । यतिमात्र होइन, सोही परियोजना अन्तर्गत ४८ मेगावाट विद्युत् उत्पादन भइसकेको पनि हुन्थ्यो । तर सुरुवाती लक्ष्यभन्दा तीन वर्ष ढिलो हुँदा पनि आयोजनाले गति लिन सकिरहेको छैन । सुरुमा परियोजनाको कुल लागत ३३ अर्ब १९ करोड ६६ लाख तोकिएको थियो । हालसम्म १९ अर्ब ४० करोड खर्च भएको छ । परियोजनाका प्रमुख हरिदत्त पौडेलका अनुसार आयोजनाको पछिल्लो म्याद चैत २० गते सकिएको छ । उनका अनुसार २०८२ भाद्रमा दोस्रो म्याद सकिएको थियो । त्यसपछि तेस्रो पटक २३० दिन थप भएको थियो ।

पुनः म्याद थपका लागि डकुमेन्ट पेस गरिएको आयोजना प्रमुख पौडेलले जानकारी दिए । चौथो पटक म्याद थपको फाइल सबै पेस भएको उनी बताउँछन् । तर विभागबाट अन्य कुराहरू प्रस्ट खुलाएर पेस गर्नु भनेको उल्लेख गर्दै थप ५/६ वटा पोइन्टहरूको बारेमा विवरणहरू बुझाइएको उनको भनाइ छ । 'तत्काल काम नरोकियोस् भनेर एक महिनाका लागिमात्रै म्याद थप भएको छ । परियोजनाले थप सबै डकुमेन्ट बुझाइसकेपछि चौथो पटकको म्याद थप हुनेछ' उनले भने, 'यद्यपि आयोजनाले जुन रूपमा गति लिनुपर्थ्यो, त्यो अनुसार लिन सकेको छैन । आयोजनाका हरेक काममा ढिलाइ भइरहेका छन् ।'



### सुस्त गतीमा के–के भए काम ?

सुर्खेतको भेरीगंगा नगरपालिका-११ चिप्लेमा अवस्थित यो आयोजना अन्तर्गत भेरी नदीमा करिब १२० मिटर लामो ब्यारेजसहित डिसिल्टिङ बेसिन र ४.२० मिटर ब्यास भएको १२.२ किलोमिटर लामो सुरुङमार्फत ४० घनमिटर प्रतिसेकेण्ड पानी बबई नदीमा खसालिने लक्ष्य छ ।

जम्मा तीन वटा २३.४ मेगावाट क्षमताका टर्बाइनमध्ये अतिरिक्त एउटा टर्बाइन मर्मत सम्भारको बेलामा मात्र प्रयोग गर्ने गरी र बाँकी दुई वटा टर्बाइनको नियमित सञ्चालनबाट भेरीगङ्गा नगरपालिकाकै हात्तीखालस्थित बबई नदीको किनारमा जम्मा ४६.८ मेगावाट विद्युत् उत्पादन क्षमताको विद्युतगृह निर्माण गरी वार्षिक करिब ४०० गिगावाट आवर विद्युत् उत्पादन गरिने भनिएको छ ।

आयोजना सम्पन्न भएपछि बबई नदीमा उपलब्ध हुने थप ४० घनमिटर प्रतिसेकेण्ड पानीबाट बबई सिँचाइ आयोजनाको हेडवर्क्स उपयोग गरी बर्दिया र बाँके जिल्लाको करिब ५१ हजार हेक्टर कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य छ ।

आयोजनाको पहिलो चरणअन्तर्गत सुरुङ निर्माणको जिम्मा पाएको चिनियाँ कम्पनी कोभेकले तोकिएको समयभन्दा एक वर्षअघि नै २०७६ वैशाखमा सुरुङ खन्ने काम सम्पन्न गरेको थियो । सुरुवाती चरणमा काम धमाधम भयो । १२.२ किलोमिटर टनेल निर्माण भयो । त्यसपछिका काममा केही ढिलाइ भयो । परियोजनाका अनुसार, अहिले दोस्रो चरणका काम भइरहेका छन् ।

२०८० साउन २९ भित्र बाँध निर्माण सक्ने गरी रमण/ग्वाङ्डोन जेभीले काम सुरु गरेका थिए । टनेल बनिसकेपछि पावर हाउस र पछि बाँध बनाउन सुरु गरियो । ती काम ०७५/०७६ पछि बल्ल सुरु भएका थिए । त्यो हिसाबले पहिलो चरणमा गर्ने भनिएकामध्ये टनेलको मात्रै काम भयो । बाँकी सबै दोस्रो चरणमै भए ।

अहिले दोस्रो चरणकै १.७ किलोमिटर ट्रान्समिसन लाइन बनाएर नेसनल ग्रिडमा जोड्नुपर्ने काम भइरहेको छ । त्यसका लागि वातावरणीय अध्ययनको प्रक्रिया सुरु भएको छ । त्यस्तै सर्च ट्याङ्क बन्न सुरु गरेको छ भने बाँध अन्तर्गत भेरी नदीको देब्रेपट्टिको साइटको कामहरू सकिने क्रममा छन् । भने यो वर्ष आधा बाँध बनिसक्ने देखिएको छ । यी काम दुई वर्षअघि नै सम्पन्न हुनुपर्ने काम हुन् ।

### समस्याग्रस्त परियोजना बन्ने खतरा

आयोजना प्रमुख पौडेलका अनुसार, आयोजना विलम्ब हुनुका पछाडि प्रमुख कारण निर्माण कम्पनी हुन् । 'पहिलो कुरा, हाम्रो निर्माण व्यवसायीहरूको क्षमता कमजोर भयो' उनले भने, 'उनीहरूको जुन क्षमता मूल्याङ्कन गर्ने क्राइटएरिया छन्, त्यसमा केही कमी देखियो ।'

ठुलो र जटिल किसिमको काम गर्नलाई सक्षम र अनुभवी कन्ट्र्याक्टर छनोट होस् भन्ने चाहना अनुसार दस्तावेजहरूमा केही न केही छिद्र भएको उनले बताए । जसका कारण योग्य कन्ट्र्याक्टर छनोट हुन सकेन त्यसै कारण आयोजनामा विलम्ब भयो । भने अब यो समस्याग्रस्त परियोजना भन्ने खतरा झन बढेको छ । पौडेलका अनुसार नेपाली कन्ट्र्याक्टरको मात्रै कार्य अनुभव, वित्तीय-आर्थिक क्षमता नपुगेर उनीहरूले जेभी गरे, पार्टनर खोजे । नेपाली रमण निर्माण सेवासँग ग्वाङ्डोन नाम चाइनिज कम्पनी छ, तर चाइनिज कम्पनी अहिले काममा नआएको परियोजना प्रमुख पौडेल बताउँछन् । यसबारे अहिलेसम्म चिनियाँ कम्पनीले जबाफ पनि नपठाएको उनले बताए ।

परियोजना अवधि २०८४/०८५ सम्म अद्यावधिक छ । यदि द्रुत गतिमा काम नहुने हो भने बाँकी दुई वर्षमा झन्डै ३१ प्रतिशत काम गर्न कठिन हुने विश्लेषण पनि परियोजना कार्यालयले गरेको छ ।


## राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं !

**"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"**

- आर्थिक गणना किनः देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्याङ्क प्राप्त गर्न,
- गणना अवधिः २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- कसलाई समेट्नेः सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरू ।

*तथ्याक्त ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ ।*

*सत्य–तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं ।*

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**


# १० हजार बढी अनलाइन सट्टेबाजी एप र वेबसाइट बन्द

कााँक्रेविहार संवाददाता
काठमाडौं, २ वैशाख

अनलाइन सट्टेबाजीसँग सम्बन्धित १० हजारभन्दा बढी एप्लिकेसन (एप) र वेबसाइट (यूआरएल)बन्द गरिएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार अवैध रूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गरिएको हो । 'सबैजसो इन्टरनेट सेवा प्रदायकले हालसम्म १० हजारभन्दा बढी यस्ता एप र वेबसाइट बन्द गरिसकेको जानकारी गराएका छन् । नेपाल टेलिकमले सबैभन्दा धेरै २१ हजारभन्दा बढीको संख्यामा बन्द गरेको छ, यस्ता एप र वेभसाइट निरन्तर पहिचान गर्ने र बन्द गर्ने क्रम चलिरहेको छ', लामिछानेले भने । सरकारको शासकीय सुधारसम्बन्धी निर्णय कार्यान्वयनका क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा यस्तो कदम चालेको हो ।

मन्त्रिपरिषद्को चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने व्यवस्था गरिएको छ ।




सोही निर्णयअनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले चैत १५ गते मन्त्रीस्तरबाट नेपाल दूरसञ्चार प्राधिकरणलाई आवश्यक निर्देशन दिएको थियो । उक्त निर्देशनपछि प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी विद्युतीय माध्यममार्फत सञ्चालन भइरहेका सट्टेबाजीसम्बन्धी सबै पहिचान भएका एप तथा वेबसाइट तत्काल बन्द गरेको जनाएको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा ९४० अनुसार कसैले सट्टेबाजी गर्न वा गराउन नपाइने व्यवस्था छ । उक्त प्रावधान उल्लङ्घन गरेमा सोही दफाको उपदफा (६) अनुसार प्रयोग भएको रकम जफत गरी एक वर्षसम्म कैद तथा १० हजारसम्म जरिवाना हुनसक्ने व्यवस्था छ ।

त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ ले समेत जुवा खेल्न वा खेलाउन तथा अनुमति नलिएको चिट्ठा किन्न-किनाउन प्रोत्साहन गर्ने किसिमका विज्ञापन गर्न निषेध गरेको छ । सो विपरीत कसुर गरेमा प्रचलित कानुनअनुसार सजाय हुने र अन्यथा एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुने प्रावधान रहेको छ । सरकारले नेपालभर सञ्चालनमा रहेका सट्टेबाजी एप तथा वेबसाइट प्रयोग नगर्न तथा सञ्चालन नगर्न आग्रह गरेको छ साथै, कसैले अनधिकृत रूपमा यस्ता गतिविधि सञ्चालन वा प्रयोग गरेको पाइएमा सम्बन्धित निकायबाट कडा कानुनी कारबाही गरिने चेतावनीसमेत दिइएको छ । प्राधिकरणले नागरिकलाई सचेत रहन, यस्ता अवैध डिजिटल गतिविधिबाट टाढा रहन तथा कुनै पनि शङ्कास्पद एप वा वेबसाइटबारे जानकारी भएमा सम्बन्धित निकायमा सूचित गर्न आग्रह गरेको छ ।

सम्पादकीय


# सडक पूर्वाधार निर्माणमा लापरबाही नगर

मध्यपहाडी राजमार्ग निर्माणले कर्णाली प्रदेशमा भने अझै पूर्णता पाउन सकेको छैन । मध्यपहाडबाट तीव्र रूपमा भइरहेको बसाइँसराइ रोक्ने उद्देश्यसहित सुरू गरिएको मध्यपहाडी राजमार्ग केवल सडक निर्माणको परियोजना मात्रै होइन । यो नेपालको मध्यपहाडी भूभागको सामाजिक–आर्थिक रूपान्तरणसँग गाँसिएको राष्ट्रिय सपना हो । तर, विडम्बना भन्नुपर्छ, यो सपना अझै पनि पूर्ण रूपमा साकार हुन सकेको छैन । विशेषगरी जाजरकोट खण्डमा पर्ने मन्ताभिर र भेरी नदीमाथिको पुल १३ वर्षदेखि अलपत्र रहँदा राष्ट्रिय गौरवको आयोजना नै प्रश्नको घेरामा परेको छ । जाजरकोट खण्डमा देखिएको ढिलासुस्ती र अव्यवस्थाले राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयन क्षमतामाथि आम नागरिकले आलोचाना गर्न थालेका छन् । सरकारले मध्यपहाडबाट तीव्र बसाइँसराइ रोक्ने उद्देश्यले यो आयोजना अघि सारेको थियो । सडक पहुँचको अभावले अवसरबाट वञ्चित नागरिकलाई आफ्नै ठाउँमा सम्भावना सिर्जना गर्ने परिकल्पना पनि गरिएको थियो । तर मन्ताभिर जस्तो केवल सात सय मिटरको खण्ड र भेरी नदीमाथिको पुलजस्ता संरचना वर्षौंसम्म अधुरै रहनु आफैँमा चिन्ताजनक अवस्था हो । भने मन्ताभिर नखुलेको कारण स्थानीयवासीले छोटो दूरी पार गर्न पनि लामो घुमाउरो बाटो प्रयोग गर्न बाध्य छन् । यसले समय मात्र होइन, आर्थिक भार पनि बढाएको छ ।

अर्कोतर्फ भेरी नदीमाथिको पुल नबन्दा जाजरकोट र रूकुम पश्चिमबीचको प्रत्यक्ष सम्पर्क अझै सम्भव भएको छैन । शिक्षा, स्वास्थ्य र व्यापारका लागि दैनिक जोखिमपूर्ण यात्रा गर्नु नागरिकको बाध्यता बनेको छ । यस्तो अवस्थाले विकासको मूल उद्देश्यलाई नै कमजोर बनाइरहेको छ । यो ढिलासुस्तीको मुख्य कारण केवल भौगोलिक कठिनाइ मात्र होइन । व्यवस्थापकीय कमजोरी पनि हो । आर्थिक वर्ष २०६९/०७० देखि यसलाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी निर्माणलाई तीव्रता दिने प्रयास गरिएको हो । पाँचथरको चिवाभञ्ज्याङदेखि बैतडीको झुलाघाटसम्म फैलिएको एक हजार ८७९ किलोमिटर लामो यो राजमार्गले मध्यपहाडका करिब ५० लाख नागरिकलाई प्रत्यक्ष सेवा पुऱ्याउने लक्ष्य राखेको छ । तर कर्णाली प्रदेश अन्तर्गत रूकुम पश्चिम, जाजरकोट र दैलेख हुँदै जाने यो राजमार्गको अधिकांश खण्डमा काम सम्पन्न भइसके पनि जाजरकोट खण्डमा भने प्रगति सुस्त छ । ठेक्का प्रक्रिया, निर्माण कम्पनीको लापरबाही र प्रभावकारी अनुगमनको अभावले आयोजना अलपत्र परेको देखिन्छ । ठेक्का रद्द गरेर जरिवाना त लगाइएको छ । तर त्यसले समस्याको दीर्घकालीन समाधान दिएको छैन । नयाँ डिजाइन, पुनः टेण्डर र स्वीकृतिको चक्रमा आयोजना अझै अन्योलमै छ । राष्ट्रिय गौरवका आयोजनाहरूमा यस्ता समस्या दोहोरिनु दुर्भाग्यपूर्ण हो ।

मध्यपहाडी राजमार्गको जाजरकोट खण्ड मात्र होइन । समग्र आयोजनाको प्रभावकारिता यस्ता अवरोधले प्रभावित भएको छ । लुम्बिनी–रारा जस्ता रणनीतिक मार्गसँग जोडिने यसको महत्व झन् उच्च छ । त्यसैले यसको निर्माणमा हुने ढिलाइले कर्णालीको विकासमा मात्र होइन, राष्ट्रिय समग्र प्रगतिमा पनि असर पार्छ । अब समय ढिलाइ गर्नलाई होइन, सुधार गर्नुपर्ने बाध्यताको हो । यस्ता परियोजनाहरूमा स्पष्ट योजना, समयसीमा, कडा अनुगमन र उत्तरदायित्वको व्यवस्था अनिवार्य हुन्छ । तर व्यवहारमा यी पक्षहरू कमजोर देखिएका छन् । परिणामस्वरूप, विकासका योजना कागजमै सीमित हुने र जनतामा राज्यप्रति अविश्वास बढ्ने अवस्था सिर्जना भएको छ । सरकार र सम्बन्धित निकायहरूले स्पष्ट कार्ययोजना बनाएर तत्काल अवरोध हटाउनेतर्फ अग्रसर हुनुपर्छ । ठेक्का व्यवस्थापनमा पारदर्शिता, निर्माण कार्यमा कडाइ र नियमित अनुगमन सुनिश्चित गरिनुपर्छ । साथै, स्थानीय तह र समुदायलाई पनि सहभागी गराई जिम्मेवारीको भावना विकास गर्नुपर्छ । मध्यपहाडी राजमार्ग केवल भौतिक पूर्वाधार मात्रै होइन । यो विश्वासको प्रश्न पनि हो । राज्यले आफै गरेको प्रतिबद्धता पूरा गर्ने कि नगर्ने भन्ने गम्भिर प्रश्न तेर्सीएको छ । त्यसैले अब काममा ढिलाइको कुनै बहाना स्वीकार्य छैन । ठोस कदम चालेर यसलाई समयमै पूर्णता देऊ ।

# राजनीतिक प्रतिशोध साँध्ने अखडा नबनोस् संसद्




नेपालको संसदीय इतिहासमा २०८२ को निर्वाचन एउटा कोशेढुङ्गा साबित भयो । दशकौँदेखि एउटै अनुहार र एउटै शैलीबाट आजित नेपाली जनताले यस पटक संसद्मा परिवर्तनको पक्षमा मतदान गरे । परिणामस्वरूप, सङ्घीय संसद्मा नयाँ दल र युवा अनुहारको बाक्लो उपस्थिति देखियो ।

परम्परागत राजनीतिको जडता तोडिने र संसद्मा नयाँ दृष्टिकोण, प्रविधिमैत्री बहस र जनमुखी कानुन निर्माण हुने अपेक्षा गरिनु स्वाभाविक थियो । ऊर्जावान् युवाले संसद्को रोस्ट्रममा उभिएर जनताका पीडा बोल्दा संसद् जुरुक-जुरुक हुने आशा सबैमा थियो ।

तर, डेढ वर्षभन्दा बढीको संसदीय अभ्यासलाई नजिकबाट नियाल्दा एउटा नमीठो सत्य सतहमा आएको छ- संसद्मा ऊर्जा त देखियो, तर त्यसलाई सही दिशा दिने संसदीय ज्ञान र गहिरो अध्ययनको ठूलो अभाव खड्कियो । नयाँ सांसदको उपस्थिति 'ध्वनि'मा बढी र 'सार'मा कम देखिनु लोकतन्त्रका लागि सुखद सङ्केत होइन ।

संसद् उपस्थिति होइन, गहन जिम्मेवारी

संसद् कुनै पनि देशको सर्वोच्च नीति निर्माण गर्ने थलो हो । यहाँ बोलिने प्रत्येक शब्दको आफ्नै गरिमा र कानुनी अर्थ हुन्छ । संसद् केवल भावना पोख्ने वा फेसबुक लाइभका लागि भाषण गर्ने मञ्च होइन, यो त राज्य सञ्चालनको मार्गचित्र कोर्ने केन्द्र हो । तर, कतिपय नयाँ सांसदमा संसद्लाई केवल 'पपुलिजम' वा सस्तो लोकप्रियता कमाउने माध्यम बनाउने मोह बढी देखियो ।

संसदीय नियमावली, कार्यविधि र प्रक्रियाको पर्याप्त ज्ञान नहुँदा सांसदहरूले उठाएका कतिपय गम्भीर विषय पनि प्रक्रियागत त्रुटिका कारण ओझेलमा परिरहेका छन् । संसद् प्रवेश गर्ने प्रतिनिधिको प्राथमिक धर्म भनेको संविधान, कानुन र संसदीय कार्यप्रणालीको सूक्ष्म अध्ययन गर्नु हो । जबसम्म सांसदमा 'म जनताको प्रतिनिधि हुँ' भन्ने अहम्बाट माथि उठेर 'म एक विधिकर्ता हुँ' भन्ने चेत आउँदैन, तबसम्म संसद्को गरिमा बढ्न सक्दैन ।

**शून्य समय : हल्ला बढी, मुद्दा कम**

शून्य समय भनेको संसद्को यस्तो समय हो, जहाँ सांसदले आफ्नो क्षेत्र वा मुलुकका आकस्मिक र समसामयिक सार्वजनिक महत्त्वका विषय सरकारको ध्यानाकर्षण गराउन एक मिनेटमा राख्नुपर्छ । यो समयको प्रभावकारिता त्यसको तीव्रता र गहिराइमा निर्भर हुन्छ ।

दुर्भाग्यवश, नयाँ र पुराना दुवैथरी सांसदले शून्य समयलाई हाजिर गर्ने समयका रूपमा मात्र उपयोग गरिरहेका छन् । यसमा देखिएका प्रमुख कमजोरी :

**तथ्यहीन दाबी : बिनाकुनै प्रमाण वा तथ्याक्त सरकारमाथि हचुवाका भरमा आरोप लगाउने प्रवृत्ति ।**

स्थानीय वडास्तरीय माग : सङ्घीय संसद्मा राष्ट्रिय महत्त्वका विषय उठाउनु साटो आफ्नो टोलको बाटो वा कुलोको बजेट माग गर्ने प्रवृत्ति, जुन कार्यपालिकाको तल्लो तहले गर्ने काम हो ।

दोहोरोपन : एउटै विषयमा धेरै सांसदले तयारीबिना बोल्दा समयको बर्बादी हुने र सरकारले त्यसलाई गम्भीरतापूर्वक नलिनु ।

शून्य समयमा उठाइएका विषयमा सरकारले जवाफ दिनैपर्ने बाध्यकारी व्यवस्था नहुनु एउटा प्राविधिक कमजोरी होला, तर सांसद आफैँले पनि आफ्नो प्रस्तुतिलाई यति वजनदार बनाउन सकेका छैनन् कि सरकारलाई जवाफ दिन बाध्य पारोस् ।

विशेष समय : भावना र नाराको दबदबा

विशेष समयमा सांसदले अलि विस्तृत रूपमा आफ्ना कुरा राख्न पाउँछन् । यहाँ नीतिगत बहस, राष्ट्रिय सङ्कट वा दीर्घकालीन महत्त्वका योजनाबारे चर्चा हुनुपर्ने हो । तर, अहिलेको विशेष समय हेर्ने हो भने यो 'राजनीतिक प्रतिशोध' साँध्ने थलो जस्तो बनेको छ ।

नयाँ युवा सांसदमा अध्ययनको कमी स्पष्ट देखिन्छ । कुनै पनि विषयमा बोल्नुअघि त्यससँग सम्बन्धित ऐन, कानुन र अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन गर्ने संस्कृति हराउँदै गएको छ । भाषणमा जति गर्जन छ, त्यसमा तथ्यको मात्रा निकै न्यून हुन्छ । संसद्मा 'नारा' होइन 'न्यारेटिभ' चाहिन्छ । जब सांसदले अध्ययन नगरी बोल्छन्, उनीहरूले दिने सुझाव सरकारका लागि केवल 'हल्ला' मात्र साबित हुन्छ ।

बजेट बहस : तथ्याङ्क र विश्लेषणको खडेरी

बजेट बहस संसद्को सबैभन्दा प्राविधिक र महत्त्वपूर्ण समय हो । यो समयमा देशको आर्थिक अवस्था, राजस्वको लक्ष्य, खर्चको प्राथमिकता र आगामी आर्थिक दिशाबारे गहन मन्थन हुनुपर्छ । तर, विडम्बना ! बजेट बहसमा हाम्रा सांसदको सहभागिता निकै निराशाजनक देखिन्छ ।

बजेट बहसमा देखिएका मुख्य समस्या :

अङ्कगणितीय विश्लेषणको अभाव : कतिपय सांसदलाई बजेटका प्राविधिक पक्ष (जस्तै : फिस्कल डेभिसिट, क्यापिटल एक्सपेन्डिचर, जीडीपी रेसियो) बारे आधारभूत ज्ञान समेत नभएको देखिन्छ ।

आफ्नो निर्वाचन क्षेत्रको मोह : राष्ट्रिय बजेटमा छलफल गर्दा देशको समग्र अर्थतन्त्रको चिन्ता गर्नुको सट्टा आफ्नो क्षेत्रमा कतिवटा योजना परे भन्नेमा मात्र बहस केन्द्रित हुने गरेको छ ।

वैकल्पिक प्रस्तावको कमी : सरकारले ल्याएको बजेटको आलोचना त गरिन्छ, तर त्यसको विकल्पमा कस्तो नीति लिँदा देशको अर्थतन्त्र सुध्रिन्छ भन्ने ठोस खाका कसैले प्रस्तुत गर्न सकेका छैनन् ।

युवा सांसदबाट अपेक्षा थियो कि उनीहरूले विश्व अर्थतन्त्रको बदलिँदो स्वरूप र नेपालको सम्भावनालाई जोडेर नवीन बहस छेड्ने छन् । तर उनीहरू पनि पुरानै खर्च कटौती र मन्त्रालयगत झैझगडामै अल्झिएको पाइयो ।

**समस्याको जड : लोकप्रियतावाद र प्रशिक्षणको अभाव**

यो अवस्था आउनुमा सांसदहरू मात्र दोषी छैनन् । यसका पछाडि हाम्रो राजनीतिक प्रणालीका केही गम्भीर त्रुटिहरू जिम्मेवार छन् :

लोकप्रियता भर्सेज क्षमता : राजनीतिक दलहरूले उम्मेदवार छान्दा उनीहरूको नीति निर्माण गर्ने क्षमता भन्दा पनि कति भोट तान्न सक्छन् वा कति 'पपुलर' छन् भन्ने आधारमा टिकट वितरण गरे । यसले गर्दा 'सडक'मा राम्रो भाषण गर्नेहरू 'सदन'मा आए, तर सदनको गरिमा अनुसारको अध्ययन उनीहरूमा भएन ।

संस्थागत प्रशिक्षणको अभाव : संसद् प्रवेश गरिसकेपछि नयाँ सांसदहरूलाई संसदीय अभ्यास, कानुन निर्माण प्रक्रिया र बजेट प्रणालीबारे सिकाउने कुनै प्रभावकारी संयन्त्र दलहरू वा संसद् सचिवालयसँग छैन ।

अनुसन्धान समूहको अभाव : विकसित देशहरूमा सांसदहरूका लागि छुट्टै विज्ञहरूको समूह हुन्छ, जसले उनीहरूलाई तथ्याङ्क र प्रतिवेदन तयार पारिदिन्छ । नेपालमा सांसदहरूले सबै काम आफैँ गर्नुपर्ने र अध्ययनमा रुचि नहुने हुँदा प्रस्तुति फितलो भएको हो ।

सुधारको बाटो : अब के गर्ने ?

संसद्लाई जीवन्त र प्रभावकारी बनाउन अब केवल अनुहार फेरिएर पुग्दैन, कार्यशैली नै फेरिनुपर्छ । यसका लागि निम्न कदमहरू चाल्नु अनिवार्य छ :

अनिवार्य संसदीय प्रशिक्षण : संसद् छिर्नुअघि वा छिरेको केही समयभित्रै सबै सांसदहरूका लागि गहन संसदीय एकेडेमीमार्फत प्रशिक्षण दिनुपर्छ । यसमा नियमावलीदेखि बजेट विश्लेषणसम्मका विषय समेटिनुपर्छ ।

विज्ञसँगको सहकार्य : सांसदले आफ्ना लागि निजी वा सामूहिक रिसर्च असिस्टेन्ट राख्ने परम्परा सुरु गर्नुपर्छ । हरेक विषयमा आफैँ विज्ञ हुन सकिँदैन, तर विज्ञको सहयोग लिएर उत्कृष्ट प्रस्तुति दिन त सकिन्छ ।

दलभित्रको लोकतन्त्र र मूल्याङ्कन : राजनीतिक दलहरूले आफ्ना सांसदहरूको संसद्मा भएको प्रस्तुति र प्रभावकारिताको आधारमा मूल्याङ्कन गर्ने पद्धति बसाल्नुपर्छ । केवल टाउको गन्तीका लागि मात्र सांसदको प्रयोग गरिनु हुँदैन ।

डिजिटल संसद् र तथ्याङ्क बैङ्क : संसद् सचिवालयले एउटा यस्तो तथ्याङ्क बैङ्क बनाउनुपर्छ, जहाँ सांसदहरूले कुनै पनि विषयमा बोल्नुअघि आधिकारिक र अद्यावधिक तथ्याङ्क सजिलै पाउन सकून् ।

**निष्कर्ष**

नेपालको संसद्मा नयाँ पुस्ताको आगमन एउटा आशाको किरण हो । युवा सांसदसँग जोस छ, नयाँ गर्ने इच्छाशक्ति छ र परिवर्तनको भोक छ । तर, जोसलाई जबसम्म होस (ज्ञान)ले साथ दिँदैन, तबसम्म त्यसले परिणाम दिन सक्दैन ।

संसद्मा उफ्रिनु र कराउनु मात्र लोकतन्त्र होइन । तर्कपूर्ण बहस गर्नु, कानुनका छिद्र औँल्याउनु र सरकारलाई सही बाटोमा हिँडाउनु वास्तविक संसदीय अभ्यास हो । हाम्रा नयाँ सांसदले बुझ्नुपर्छ कि उनीहरूका हरेक गतिविधि इतिहासको पानामा रेकर्ड भइरहेका छन् । ऊर्जालाई ज्ञानसँग मिसाएर मात्र संसद्लाई रबर स्ट्याम्प हुनबाट जोगाउन सकिन्छ ।

त्यसैले, अबको समय भनेको संसद्लाई केवल नयाँ बनाउने मात्र होइन, सक्षम र बौद्धिक बनाउने हो । नत्र इतिहासले फेरि पनि यही लेख्नेछ- "हामीसँग ऊर्जा त प्रशस्त थियो, तर त्यो ऊर्जालाई परिवर्तनमा बदल्ने तयारी र ज्ञान भने थिएन ।"

# सातै प्रदेशमा कम्तीमा एक–एक विश्वविद्यालयमा कला विभाग चाहिन्छ



✍ सुरेन्द्र गौतम

लामो समयपछि देशकले बहुमतको सरकार पाएको छ । बहुमतको सरकार भएपछि स्थिर त हुन्छ नै । अझ आशालाग्दो कुरो के छ भने सरकारको नेतृत्वमा कला बुझेका युवा । त्यसैले, यो सरकारसँग देशले एक किसिमको अपेक्षा त गरेको छ नै, कलाक्षेत्रको पनि अपेक्षा धेरै छ ।

त्यसमा ललितकला क्षेत्र छुट्ने कुरै भएन । नेपालमा नेपालमा ललितकला क्षेत्रको विकास, संरक्षण र प्रवर्द्धन आजको अत्यावश्यक आवश्यकता पनि हो । वैभवशाली सांस्कृतिक विविधता र ऐतिहासिक मौलिकताले भरिपूर्ण नेपालमा ललितकला केवल सौन्दर्य अभिव्यक्ति मात्र नभई; पहिचान, परम्परा र अर्थतन्त्रसँग समेत गहिरोसँग जोडिएको क्षेत्र हो ।

तथापि, यस क्षेत्रले अपेक्षित संस्थागत संरचना, नीतिगत स्पष्टता र दिगो व्यवस्थापनको अभाव महसुस गरिरहेको छ । यस सन्दर्भमा ललितकला क्षेत्रको समग्र उन्नयनका लागि बहुआयामिक पहल आवश्यक देखिन्छ ।

त्यसका लागि सांस्कृतिक संरचना गठन अत्यन्त महत्त्वपूर्ण पक्ष हो । सङ्घीय संरचनाअनुसार प्रदेश र पालिकास्तरमा सांस्कृतिक संरचनाको स्पष्ट विकास हुनुपर्छ । सातै प्रदेश तथा पालिकामा ललितकला हब वा केन्द्र स्थापना गरी कलाकारलाई अभ्यास, अध्ययन अनुसन्धान र प्रदर्शनीका लागि आधार तयार गरिनु आवश्यक छ ।

परम्परागत ज्ञानलाई आधुनिक प्रविधिसँग समन्वय गरी पुस्तान्तरण गरिनु आवश्यक छ ।

साथै, प्रत्येक क्षेत्रमा कलादीर्घा, कोसेलीघर तथा सङ्ग्रहालयको स्थापना गरी स्थानीय कला र परम्परालाई संस्थागत संरक्षण दिन सकिन्छ । गैरसरकारी संघ-संस्थालाई पनि प्रोत्साहन गर्दै सहकार्यको वातावरण बनाउनु जरुरी छ, जसले ललितकला क्षेत्रलाई थप गतिशील बनाउने छ । औपचारिक तथा अनौपचारिक शिक्षामार्फत नेपाली मौलिक रैथाने शिल्पज्ञानको पुस्तान्तरण अपरिहार्य छ । विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म ललितकला शिक्षालाई व्यवस्थित पाठ्यक्रममा समावेश गर्नुपर्छ । हाल केही संस्थाहरूले यस क्षेत्रमा योगदान पुऱ्याइरहेका भए पनि सातै प्रदेशमा कम्तीमा एक-एक विश्वविद्यालयमा कला विभाग स्थापना गर्नुपर्ने आवश्यकता छ । ती विभागमार्फत सो प्रदेशमा रहेका रैथाने शिल्पज्ञानलाई अध्ययन तथा अभ्यासको विषय बनाइनु पर्दछ । त्यस्तै ७७ वटै जिल्लामा कक्षा ११ र १२ मा ललितकला विषय अनिवार्य वा उपलब्ध गराउने नीति ल्याउनु उपयुक्त हुनेछ । यसैगरी ठाउँ ठाउँमा कार्यशाला, तालिम, गोष्ठी, प्रदर्शनी र अन्तरक्रियामार्फत दक्ष जनशक्ति उत्पादनसँगै नवप्रवर्तनलाई जोड दिनुपर्छ । परम्परागत ज्ञानलाई आधुनिक प्रविधिसँग समन्वय गरी पुस्तान्तरण गरिनु आवश्यक छ । नेपालमा विकास भएका ललितकलाका विविध पक्षको सैद्धान्तीकरणमा जोड दिनुपर्छ । खोज-अनुसन्धान, अभिलेखीकरण, प्रकाशन र प्रचारप्रसारमार्फत कला र कलाकारको तथ्याङ्क सङ्कलन आवश्यक छ । यसले नीति निर्माणमा सहयोग पुऱ्याउनुका साथै कला क्षेत्रको दीर्घकालीन योजना बनाउन मद्दत गर्दछ ।

साथै, ललितकलाको ब्रान्डिङ, मानकीकरण र विशिष्टीकरणमार्फत नेपाली कलालाई अन्तर ाष्ट्रियस्तरमा पहिचान दिलाउन सकिन्छ । ललितकला बिकासका लागि थुप्रै नीतिगत सुधार जरुरी छ, जुन हालसम्म पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेको छैन कलाकृतिको मूल्य निर्धारणका लागि स्पष्ट मापदण्ड बनाउनु, प्रतिलिपि अधिकार (कपिराइट) को कडाइका साथ कार्यान्वयन गर्नु, तथा सङ्ग्रहालय, स्मारक र कलाग्राम निर्माणका लागि दीर्घकालीन नीति आवश्यक छ ।

कलाकारको सिर्जनालाई सम्मानजनक आर्थिक मूल्य दिने वातावरण सिर्जना गर्न सरकारको सक्रिय भूमिकामा पनि काम गर्नुपर्ने देखिन्छ । यसका लागि समयसापेक्षित बदलिँदो युगसँग तालमेल खाने संस्कृति नीति अर्थात् सकेसम्म ललितकला नीति बनाउनु आवश्यक छ ।

यो क्षेत्रमा कलाकृति निर्माण गर्ने कच्चापदार्थसम्बन्धी समस्याहरू थुप्रै छन् । कलाकार हरूले प्रयोग गर्ने सामग्रीमा भन्सार र कर छुटको व्यवस्था, सहुलियत दरमा ऋण सुविधा, सहज ढुवानी व्यवस्था तथा अन्तर्राष्ट्रियस्तरको ल्याब परीक्षण प्रणाली विकास गरिनुपर्छ । यसले नेपाली कला उत्पादनलाई गुणस्तरीय र प्रतिस्पर्धात्मक बनाउन सहयोग पुऱ्याउँछ । संघ, प्रदेश र पालिका तहबिच समन्वयको स्पष्ट मापदण्ड आवश्यक छ । संस्कृति मन्त्रालयमार्फत एकीकृत नीति र कार्ययोजना बनाइनुपर्छ । कलाकारका लागि अक्षयकोष, राहत तथा उपचार कोष स्थापना गर्नुका साथै विभिन्न अस्पतालमा सहुलियत वा निःशुल्क उपचारको व्यवस्था गर्नुपर्छ । यसले कलाकारको सामाजिक सुरक्षा सुनिश्चित गर्ने देखिन्छ ।

बजार व्यवस्थापन ललितकला विकासको महत्त्वपूर्ण आधार हो । आन्तरिक तथा बाह्य बजार विस्तार गर्दै पर्यटनसँग जोडिएका मेला, महोत्सव, प्रदर्शनी र अक्सन प्रणालीलाई सुदृढ बनाउनुपर्छ ।

पेसाप्रतिको आत्मसम्मान अभिवृद्धि गर्न विशेष कार्यक्रमको रूपमा दिवङ्गत कलाकारका नाममा पुरस्कार स्थापना, नियमित सम्मान तथा प्रतियोगिताहरू आयोजना, तथा विद्वत्वृत्ति, छात्रवृत्ति र सिर्जनावृत्ति प्रदान गरिनुपर्छ । यसले नयाँ पुस्तालाई यस क्षेत्रमा आकर्षित गर्न मद्दत पुऱ्याउँछ ।

बजार व्यवस्थापन ललितकला विकासको महत्त्वपूर्ण आधार हो । आन्तरिक तथा बाह्य बजार विस्तार गर्दै पर्यटनसँग जोडिएका मेला, महोत्सव, प्रदर्शनी र अक्सन प्रणालीलाई सुदृढ बनाउनुपर्छ । डिजिटल प्लेटफर्ममार्फत अन्तर ाष्ट्रिय बजारमा पहुँच विस्तार गर्न सकिन्छ ।

ललितकला क्षेत्रलाई पर्यटनसँग जोडेर लाने नीति सरकारले अवलम्बन गर्नुपर्दछ । कलामार्फत प्रकृति, संस्कृति तथा नेपालीपनलाई ब्रान्डिङ गर्दै पर्यटन प्रवर्द्धन गर्न सकिन्छ । संयुक्त बैठक र समन्वयात्मक छलफलको अभ्यासलाई संस्थागत गरिनुपर्छ । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, संघ, प्रदेश तथा पालिका सरकार र सम्बन्धित मन्त्रालयबिच नियमित बैठक र समन्वय हुनुपर्छ ।

साथै ललितकलासँग सम्बन्धित संघ-संस्थाहरूको वार्षिक भेला आयोजना गरी नीति निर्माणमा सहभागी गराइनुपर्छ ।

समग्रमा, नेपाली ललितकलाको संरक्षण, प्रवर्द्धन र विकासका लागि मौलिकताको जगेर्ना गर्दै रोजगारी सिर्जना र अर्थतन्त्रमा योगदान दिने स्पष्ट लक्ष्यका साथ अघि बढ्नुपर्ने देखिन्छ । यसले मौलिक पहिचानसहितको शिल्प हस्तकलाको विकाससँगै उत्पादनमा जोड दिने नीति लिनसके नेपालमा दिगो रोजगारी बढ्छ । प्रत्येक स्थानीय तहलाई एक शिल्पहस्तकला ग्रामको रूपमा विकास गर्ने नीति लिनसकेमा रोजगारीको वृद्धि हुन्छ । व्यवस्थित ढंगले नीति तर्जुमा गर्दै अगाडि बढेमा नेपालमा आगामी १० वर्षभित्र करिब १५ लाखलाई प्रत्यक्ष अप्रत्यक्ष रोजगारीमा जोड्न सकिन्छ । साथै शिल्पहस्तकलाको निर्यातलाई अझै वृद्धि गर्न सकिन्छ । यसर्थ ललितकला क्षेत्र नेपालको अर्थतन्त्रको दिगो आधार बन्न सक्छ ।

यसका लागि पर्याप्त बजेट, प्रभावकारी नीति र बहुपक्षीय सहकार्य अपरिहार्य छन् । समसामयिक चित्रकला, मूर्तिकला, बहुआयामिक कला, लोककला, परम्परागत शिल्पकला र वास्तुकलाको संरक्षण र प्रवर्द्धनमार्फत नेपाललाई अन्तर ाष्ट्रिय कला जगतमा सशक्त रूपमा प्रस्तुत गर्न सकिन्छ । साथै नेपाललाई सार्कको कलाको हबका रूपमा विकास गर्न सकिन्छ । यस दिशामा ठोस कदम चालिएमा नेपाली ललितकला विश्वसामु गर्वका साथ उभिन सक्षम हुनेछ ।

(लेखक सुरेन्द्र गौतम बिगत एक दशक भन्दा बढी समयदेखि ललितकला क्षेत्रमा क्रियाशील छन् )

# न्याय सुदृढीकरणका लागि विद्यार्थी इन्टर्न




❒ काँक्रेविहार संवाददाता
सुर्खेत, २ वैशाख

कर्णाली प्रदेश सरकारले न्याय सम्पादनलाई थप प्रभावकारी बनाउन नयाँ कार्यक्रम अघि सारेको छ।

कानुन संकाय पूरा गरेका विद्यार्थीलाई स्थानीय तहका न्यायिक समितिमा 'इन्टर्न' का रूपमा खटाउने पहल यसै अन्तर्गत सञ्चालन गरिएको हो। मध्यपश्चिम विश्वविद्यालयसँगको सहकार्यमा सुरु गरिएको यस कार्यक्रमले विद्यार्थीलाई व्यवहारिक ज्ञान प्रदान गर्नुका साथै न्यायिक प्रक्रियालाई सुदृढ बनाउने लक्ष्य राखेको छ।

चालु वर्षमा पाइलट परियोजनाका रूपमा सुरु गरिएको कार्यक्रमअन्तर्गत ३० जना विद्यार्थीलाई प्रदेशका २९ वटा पालिकामा पठाइएको थियो। उनीहरूले तीन महिनासम्म निःशुल्क रूपमा इन्टर्नशिप गरेका थिए।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानुन सचिव उत्तम गौतमका अनुसार यसबाट विद्यार्थीको क्षमता अभिवृद्धि हुनुका साथै न्यायिक समितिको कार्यसम्पादनमा समेत सुधार आएको देखिएको छ।

कार्यक्रम प्रभावकारी देखिएकाले आगामी वर्षदेखि यसलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने योजना प्रदेश सरकारले बनाएको छ ।

साथै, स्थानीय तह, क्याम्पस र विद्यालयमा कानुनी सचेतना फैलाउने उद्देश्यले विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। वि.सं. २०७५ भदौ १ गतेदेखि लागू भएका फौजदारी र देवानी संहिताबारे जनस्तरमा जानकारी प्रवाह गर्दै कानुनप्रति जागरूकता बढाउने प्रयास भइरहेको छ। सरकारले 'जनतासँग मुख्यमन्त्री' कार्यक्रममार्फत् जनतासँग प्रत्यक्ष संवाद गर्ने पहल पनि अघि बढाएको छ। यस कार्यक्रमअन्तर्गत मुख्यमन्त्री स्वयं जिल्लामा पुगेर जनताका समस्या, गुनासा र सुझाव सुन्ने तथा समाधानका लागि पहल गर्ने गरेका छन्। प्रदेश सरकारको कार्यसम्पादनबारे प्रत्यक्ष छलफल र अन्तरक्रियालाई प्राथमिकता दिइएको छ। गत वर्षको अनुभवका आधारमा कार्यक्रमलाई थप परिमार्जन गर्दै चालु आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ।

योजना, अनुगमन तथा आर्थिक पूर्वाधार शाखाका प्रमुख विद्याप्रसाद उपाध्यायका अनुसार नयाँ कार्यविधिसहित कार्यक्रम अझ व्यवस्थित रूपमा सञ्चालन भइरहेको छ।

प्रदेशका सबै १० जिल्लामा सञ्चालन भइरहेको यस कार्यक्रमले जनताको प्रत्यक्ष सहभागितामार्फत् सुशासन प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ।

जनउत्तरदायी शासन प्रणाली विकास गर्दै कानुनी शासनको प्रत्याभूति गराउने प्रदेश सरकारको दीर्घकालीन उद्देश्य रहेको छ।

# पटक पटक म्याद थप्दा पनि बनेन अस्पताल

❒ काँक्रेविहार संवाददाता
रूकुमपश्चिम, २ वैशाख

जिल्ला अस्पतालको नयाँ भवन निर्माण कार्य दुई पटक म्याद थप गर्दा पनि अझै पूरा हुन सकेको छैन।

निर्माण कार्य अन्तिम चरणमा पुगेको भए पनि हस्तान्तरणका लागि थप म्याद आवश्यक पर्ने देखिएको छ। २०४५ सालमा स्थापना भएको १५ शय्याको जिल्ला अस्पताल ३७ वर्षदेखि पुरानै संरचना र सीमित पूर्वाधारमा सञ्चालन भइरहेको छ। अस्पताल विकास समितिका अध्यक्ष टेकबहादुर कुसारीका अनुसार अस्पतालको स्तरोन्नति र नयाँ भवन निर्माण सम्पन्न गर्न विभिन्न निकायमा पहल गरिए पनि समस्या समाधान हुन सकेको छैन।

२०७८ साल असार ३१ गते खानी थोदुङ मिसन जेभी निर्माण कम्पनीसँग तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने सम्झौता भएको थियो।

२३ करोड १५ लाखभन्दा बढी लागतमा २०८१ असार ३१ भित्र काम सक्ने लक्ष्य राखिए पनि हालसम्म भवन पूर्ण रूपमा तयार हुन सकेको छैन।

यस अवधिमा दुई पटक म्याद थप गरिएको छ, जसअनुसार पछिल्लो समय २०८२ कात्तिक २८ सम्मको समयसीमा निर्धारण गरिएको थियो।

हाल भवन निर्माणको करिब ९७ प्रतिशत प्राविधिक र ९५ प्रतिशत वित्तीय प्रगति भएको जनाइएको छ। अब विद्युत् जडान, फर्स मिलान र केही प्राविधिक सुधारका काम बाँकी छन्।

तर, यी कामका लागि आवश्यक बजेट व्यवस्थापन हुन नसकेको बताइएको छ। अस्पतालले म्याद थपका लागि सघन सहरी विकास कार्यालय जुम्लालाई पत्राचार गरेको भए पनि हालसम्म औपचारिक स्वीकृति प्राप्त भएको छैन।

निर्माण ढिलाइका कारण सेवा प्रवाहमा अपेक्षित सुधार आउन सकेको छैन, जबकि बिरामीको चाप भने निरन्तर बढिरहेको छ।

यसका साथै अस्पतालमा खानेपानीको अभाव, फोहोर व्यवस्थापन, घेराबार, कर्मचारी आवासजस्ता आधारभूत समस्या अझै कायम छन्।

# विपद् पीडित ४९ घरधुरीलाई ९३ लाखभन्दा बढी राहत

❒ काँक्रेविहार संवाददाता
कालीकोट, २ वैशाख

जिल्लामा बाढी-पहिरो लगायतका विपद्बाट घर क्षति भई लाभग्राही सूचीमा परेका ४९ घरधुरीलाई जिल्ला प्रशासन कार्यालयले ९३ लाख ५० हजार रुपैयाँ राहत रकम वितरण गर्ने भएको छ। जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी गोकर्णराज सुयलको अध्यक्षतामा बसेको बैठकले सान्नीत्रिवेणी, शुभकालिका,महावै गाउँपालिका र तिलागुफा नगरपालिकाका पीडितलाई रकम भुक्तानी गर्ने निर्णय गरेको हो। अधिकांश लाभग्राहीलाई अन्तिम किस्ताबापत रकम दिइनेछ भने केहीलाई पहिलो र दोस्रो किस्तासमेत प्रदान गरिनेछ।



निर्णय अनुसार सान्नीत्रिवेणी गाउँपालिकाका २७ जनाले प्रतिव्यक्ति २ लाख रुपैयाँका दरले अन्तिम किस्ता पाउने भएका छन्। त्यस्तै शुभकालिकाका १४ जना र तिलागुफाका ४ जना लाभग्राही रहेका छन्। साथै, सान्नीत्रिवेणीकी गोरिकला सार्की तथा महावै गाउँपालिकाका कन्ना उपाध्याय र जयकौरा शाहीलाई नयाँ घर निर्माणका लागि पहिलो किस्ताबापत जनही २ लाख ५० हजार रुपैयाँ दिने निर्णय गरिएको छ। सरकारी मापदण्डअनुसार विपद्बाट पूर्ण घर क्षति भएकालाई ५ लाख रुपैयाँ र आंशिक क्षति भएकालाई ५० हजार रुपैयाँ राहत दिने व्यवस्था छ। हालको व्यवस्थाअनुसार राहत रकममा स्थानीय तहले २० प्रतिशत, प्रदेश सरकारले ३० प्रतिशत र संघीय सरकारले ५० प्रतिशत व्यहोर्ने प्रावधान रहेको छ। यस वर्ष मात्र कालीकोटमा ८० जनाले राहत प्राप्त गरिसकेका छन् भने करिब ५० जनाको फाइल अझै प्रक्रियामा रहेको छ। ती फाइलहरू स्वीकृत भएपछि थप रकम वितरण गरिने जनाइएको छ। यद्यपि, सबै पीडितले राहत पाउन नसकेको गुनासो पनि उठेको छ।

खाँडाचक्र-३ का गोवी पाण्डेले आगलागीबाट घर पूर्ण रूपमा नष्ट हुँदा पनि कुनै सहयोग नपाएको बताएका छन्।

आर्थिक अभावका कारण उनी भारत गएर मजदुरी गरी घर पुनर्निर्माण गरिरहेको जनाइएको छ। यस्तै, रास्कोट-२ का धनिराम चौलागाईंले सडक निर्माणका क्रममा घर क्षति भए पनि न निर्माण कम्पनीले क्षतिपूर्ति दिएको न स्थानीय तहले राहत उपलब्ध गराएको गुनासो गरेका छन्। हाल उनी रोजगारीका लागि भारतको कर्नाटक राज्यको बेंगलुरुमा कार्यरत छन्। सरकारले मापदण्ड परिमार्जन गरी वास्तविक पीडित पहिचानलाई प्राथमिकता दिएको दाबी गरे पनि केही नागरिक अझै राहतबाट वञ्चित रहेको देखिएको छ।

# ढिलो औषधी आइपुग्दा नष्ट हुने चिन्ता

❒ काँक्रेविहार संवाददाता
हुम्ला, २ वैशाख

चालु आर्थिक वर्ष सकिन तीन महिना मात्र बाँकी रहँदा हुम्लामा वार्षिक रूपमा आउने औषधी ढिलो गरी आइपुगेको छ।

प्रदेश आपूर्ति निर्देशनालय, सुर्खेतले खरिद गरेको उक्त औषधी चैत अन्तिम साता पैदल मार्गमार्फत जिल्लामा ढुवानी गरिएको हो।

स्वास्थ्य सेवा कार्यालय हुम्लाका प्रमुख उमाकान्त तिवारीका अनुसार आइपुगेको औषधी प्रयोगका लागि केवल चारदेखि पाँच महिनाको अवधि मात्र बाँकी छ।

आर्थिक वर्ष सकिनु अघि नै प्रयोग गरिनुपर्ने औषधी ढिलो आइपुग्दा प्रभावकारी उपयोगमा चुनौती देखिएको छ।

सरकारले निःशुल्क वितरण गर्ने यी औषधी एक सयभन्दा बढी कार्टुनमा रहेका छन्। हुम्ला जस्तो दुर्गम जिल्लामा यति छोटो म्याद बाँकी रहेको औषधी पठाइनु उपयुक्त नभएको स्वास्थ्य कार्यालयको भनाइ छ।

समयमै औषधी उपलब्ध गराउन प्रदेश आपूर्ति निर्देशनालयलाई पटक-पटक पत्राचार गरिए पनि "खरिद नभएको" जवाफ आउने गरेको र त्यसकै कारण ढिलाइ भएको बताइएको छ।



अब भने छोटो म्यादका कारण धेरै औषधी प्रयोग हुन नपाई नष्ट हुने जोखिम बढेको छ। करिब एक लाख रुपैयाँ बराबरका २५ प्रकारका औषधी अब स्वास्थ्य सेवा कार्यालयले गाउँपालिकाहरूमा समेत वितरण गर्नुपर्नेछ।

सीमित समयका कारण सबै औषधी प्रभावकारी रूपमा प्रयोग गर्न कठिन हुने देखिन्छ। गत साउनदेखि नै औषधी अभाव झेल्दै आएको स्वास्थ्य संस्थाले प्रदेशबाट माग गरेर तथा स्थानीय तहबाट सापटी लिएर सेवा सञ्चालन गर्दै आएको जनाएको छ।

स्वास्थ्य सेवा कार्यालयले भविष्यमा यस्ता समस्या नआउने गरी समयमै औषधी खरिद र ढुवानीको व्यवस्था मिलाउन सम्बन्धित निकायलाई आग्रह गरेको छ।

## शिक्षक आवश्यकता

यस शैक्षिक संस्थाको लागि तपसिल बमोजिमका पदमा शिक्षक आवश्यकता परेको हुनाले योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुले यथाशीघ्र निवेदन दिनुहुन आव्हान गरिएको छ।

| क्र.स. | विषय | तह | संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | अंग्रेजी/नेपाली | पूर्व प्राथमिक तह | २ | सम्बन्धित विषयमा +2 उत्तीर्ण |
| २ | अंग्रेजी | प्रा.वि. शिक्षक | २ | सम्बन्धित विषयमा +2 उत्तीर्ण |
| ३ | विज्ञान | प्रा.वि.शिक्षक | २ | सम्बन्धित विषयमा +2 उत्तीर्ण |
| ४. | अंग्रेजी | नि.मा.वि. शिक्षक | २ | सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण |

अनुभवी र योग्यता पुगेकालाई प्राथमिकता दिइने।

दरखास्त दिने अन्तिम मितिः २०८३ वैशाख ६ गते विद्यालय समयमा

आवश्यक कागजातहरुः दरखास्त पत्र, व्यक्तिवृत (CV) शैक्षिक प्रमाण पत्र, नेपाली नागरिकता र अनुभवको प्रमाणपत्र

दरखास्त दिनुपर्ने ठेगानाः सिद्धपाइला इङ्लिस मिडियम सेकेन्डरी स्कूल वीरेन्द्रनगर-१०, शान्तिनगर, सुर्खेत

इमेलः siddhapailaschoolsurkhet@gmail.com

फोन नं.: ०८३-५२३२९०, ९८४८०५०८८६, ९८४८०५०८८२

Siddhapaila English Medium Secondary School
+2 Law, Management & Hotel Management
Birendranagar-10, Shantinagar, Surkhet
Phone No.: 083-523290, 9848050886, 9848050882
Email: siddhapailaschoolsurkhet@gmail.com Website: www.spems.edu.np

## कुमारी बैंक लिमिटेड, शाखा कार्यालय बाबियाचौर सुर्खेतको धितोमा रहेको सम्पत्ति पुन:लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना ।

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय **बाबियाचौर सुर्खेत**बाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, पेनाल ब्याज आदि चूक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत नतिरी नबूझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हूनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपशिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न **१५** दिने धितो लिलाम सुचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुनः लिलाम सुचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको मितिले **८** औ दिन अर्थात **मिति २०८३ बैशाख १०** गते बिहीबारको दिन गोप्य शिलबन्दि बोलपत्रद्वारा शाखा कार्यालय **बाबियाचौर सुर्खेत**बाट लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गरिने भएको हूंदा सर्व साधारणको जानकारीको लागि यो गोप्य शिलबन्दि बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिनईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दि बोलपत्र दिन सक्नुहुने छ।

**तपसिल**

| १. ऋणीको विवरणः | धितो सुरक्षणको विवरणः |
|---|---|
| **१. हर्ष बहादुर कामी/कौसिला कामीको नाति, मन बहादुर कामी/हरिकला कामीको छोरा, सीता कामीको पति, सुर्खेत जिल्ला, सालकोट गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, पन्चपुरी न.पा. वडा नं ०२ बस्ने वर्ष ४० को युद्ध बहादुर कामी (ना.प्र.नं. ६४३०१०/१८, जारी मिति २०६३/१०/२१, जिल्ला प्रशासन कार्यालय सुर्खेत)** | १. युद्ध बहादुर कामीको नाममा मालपोत कार्यालय, सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, सालकोट गा.वि.स./न.पा. वडा नं. १द स्थित कित्ता नं. २२८ को क्षे.फ. जम्मा ३-१३-१-३ (रो-आ-पै-दा) जग्गा तथा भविष्यमा उक्त जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो सम्पूर्ण निर्माणकार्य लगायत सम्पुर्ण लिगलगापातहरु समेत । |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरणः**

**१. सीता कामी**
ना.प्र.नं.-६४३०१०/३७
जारी मिति - २०६३/१०/२१,
जि.प्र.का. सुर्खेत
बाबु - टोप बहादुर कामी
बाजे - मन बहादुर कामी
पति - युद्ध बहादुर कामी
स्थायी ठेगाना- सुर्खेत जिल्ला, पन्चपुरी नगरपालिका, वडा नं. ०२ ( साविक सुर्खेत जिल्ला सालकोट गा.वि.स.वडा नं.०५)

**शर्तबन्देजहरुः**

१) शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितीले **७ (सात)** दिन अर्थात **२०८३ बैशाख ९ गते** भित्र बैंकको शाखा कार्यालय **बाबियाचौर सुर्खेतमा** कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।

२) बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय **बाबियाचौर सुर्खेत**बाट रु ५००/ तिरी प्राप्त गर्न सकिने छ उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा को बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्ने छ।

३) बोलपत्रमा आफूले लिनचाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफूले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ, सो वाहेक अन्यकुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन।

४) यो सूचना प्रकाशित भएको मितिले ८(आठौं) दिन अर्थात **२०८३ बैशाख १० गते** अपरान्ह ३:०० बजे देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय **बाबियाचौर सुर्खेत**मा बोलपत्र खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५) बोलपत्र बुझाउने अन्तिम मितीमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।

६) म्याद नाघी वा रीत नपुगीआएको तथा शर्त राखी दिएको बोलपत्र उपर कूनै कारवाही गरिने छैन।

७) बोलपत्र स्विकृत भएमा सम्वन्धित बोलपत्र दाताले सोको सूचनापाएको मितिले ७ (सात) दिनभित्र बोल कवोल गरेको धरौटी वाहेकको बांकी रकम बैंकमा जम्मा गर्नू पर्नेछ। अन्यथा धरौटी वापत जम्माभएको रकम जफत हुनेछ।

८) लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्वन्धित अड्डामा लाग्ने दै दस्तूर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।

९) लिलाम हूने सम्पत्ति सम्वन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय **बाबियाचौर सुर्खेत**मा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०) धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन तथा प्रचलित कानून बमोजिम बैंङ्कले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।

११) गोप्य शिलबन्दी बोलपत्र प्राप्तभएको वानभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२) प्राप्त भएको गोप्य शिलबन्दि बोलपत्रअन्तर्गत सवै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार बैंकमै सूरक्षित राखीएको छ।

१३) धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पुर्ण लेना असुलउपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८३ बैशाख १० गते अपरान्ह ३:०० बजे**
**शाखा कार्यालय, बाबियाचौर सुर्खेत फोन नं. ०८३-४१६०३१/३२**

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# पुल नबन्दा डुङ्गामा यात्रा गर्न बाध्य

कॉँक्रेविहार संवाददाता
डडेलधुरा, २ वैशाख

भित्री मधेश जोगबुढा क्षेत्रका स्थानीयहरू रोजगारी, दैनिक उपभोग्य वस्तु खरिद तथा स्वास्थ्य उपचारका लागि भारतको टनकपुर र वनवासा क्षेत्रमै निर्भर छन् ।

महाकाली नदीमा पुल नहुँदा उनीहरू जोखिम मोलेरै डुङ्गाको सहारामा आवतजावत गर्न बाध्य छन् । भारतको वनवासाबाट परशुराम नगरपालिका-५ स्थित परीगाउँको बाङ्घाटसम्म करिब १८ किलोमिटर दूरी मात्र भए पनि नेपालतर्फ कञ्चनपुरको गड्डाचौकी हुँदै जाँदा एक सय किलोमिटरभन्दा बढी यात्रा गर्नुपर्ने भएकाले स्थानीयहरू छोटो तर जोखिमपूर्ण डुङ्गा मार्ग रोज्न बाध्य छन् । स्थानीय सरस्वती खड्काका अनुसार चुनावका बेला पुल बनाउने आश्वासन दिइए पनि वर्षौंदेखि झोलुङ्गे पुलसमेत निर्माण नभएकाले दैनिक जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ । महाकाली नदी तरेपछि भारततर्फ कालोपत्रे सडक र सहज यातायात सुविधा भएकाले परशुराम नगरपालिका तथा आसपासका बासिन्दा भारतीय बजारहरू टनकपुर, वनवासा, ठुलीगाड र बुममा दैनिक उपभोग्य सामग्री किनमेल तथा कृषि उपज बिक्रीका लागि निर्भर छन् । वडा नं. ६ का वडाध्यक्ष खगेन्द्रबहादुर सिंहका अनुसार स्थानीयहरू स्वास्थ्य उपचारका लागि समेत भारतको खटिमा र बरेलीसम्म पुग्ने गरेका छन् । परशुराम नगरपालिका-५ को बाङ्घाट र वडा नं. ६ को सिसमझालामा रहेका दुई घाटमार्फत दैनिक सयौं स्थानीय महाकाली नदी वारपार गर्छन् ।

वडास्तरमै डुङ्गा सञ्चालनका लागि ठेक्का सम्झौता गरिएको भए पनि दीर्घकालीन समाधानका रूपमा पुल निर्माणको माग अझै सम्बोधन हुन सकेको छैन ।

धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण परशुरामधाम र भारतको पूर्णागिरिधामलाई जोड्ने महाकाली नदीमा पुल निर्माण भएमा धार्मिक पर्यटन प्रवर्द्धन हुने स्थानीयको विश्वास छ । माघेसङ्क्रान्ति, सूर्य तथा चन्द्रग्रहणलगायत अवसरमा परशुरामधाममा ठूलो मेला लाग्ने भए पनि पुल अभावका कारण धेरै भक्तजन आउन नसक्ने अवस्था रहेको परशुराम क्षेत्र विकास समितिका पूर्वअध्यक्ष कैलाशकुमार पाण्डेयले बताए । दीर्घकालीन पूर्वाधार अभावका कारण जोगबुढा क्षेत्रका बासिन्दाको दैनिक जीवन अझै जोखिम र असुविधामै निर्भर रहेको छ ।

# नयाँ वर्षसँगै रारामा पर्यटकको भीड

कॉँक्रेविहार संवाददाता
मुगु, २ वैशाख

कर्णाली प्रदेशको मुगु जिल्लामा पर्ने राराताल मुलुककै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा चिनिन्छ ।

नयाँ वर्षको अवसर पारेर यहाँ आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल उल्लेख्य रूपमा बढेको छ । नयाँ वर्ष सुरु भएसँगै हवाई तथा सडकमार्गबाट रारा पुग्ने पर्यटकको संख्या वृद्धि भएको हो ।

राराको मिली र हुटु क्षेत्रका चौरहरूमा आन्तरिक पर्यटकको भीड देखिन थालेको र रारा राष्ट्रिय निकुञ्ज का कर्मचारी ऋृषीकेस यादवले जानकारी दिए ।

उनका अनुसार मिलीचौर, सल्लेरी, ताल्चालगायत गाउँहरूमा पर्यटकको घुइँचो लाग्न थालेको छ । छिमेकी जिल्ला जुम्लासहित काठमाडौं, चितवन, पोखरा, विराटनगर र नेपालगन्ज लगायतका स्थानबाट समूहमा घुम्न आउने पर्यटक बढिरहेका छन् ।



पर्यटकको संख्या बढेसँगै होटल र बासको अभाव देखिन थालेको छ । स्थानीय पूर्वाधार सीमित हुँदा व्यवस्थापनमा चुनौती थपिएको छ ।

पर्यटन क्षेत्रलाई दीर्घकालीन रूपमा विकास गर्न पूर्वाधार विस्तार, व्यवस्थित आवास, सरसफाइ, फोहोर व्यवस्थापन र सुरक्षित यात्राको व्यवस्था गर्न आवश्यक देखिन्छ ।

साथै, स्थानीय समुदायको सहभागितामा दिगो पर्यटन विकासका योजना अघि बढाउन सके रारालाई अन्तर्राष्ट्रिय स्तरको आकर्षक गन्तव्यका रूपमा अझ सुदृढ बनाउन सकिने विज्ञहरूको सुझाव छ ।

# कांग्रेसका पदाधिकारीको कार्यविभाजन

कॉँक्रेविहार संवाददाता
काठमाडौं, २ वैशाख

नेपाली कांग्रेसले पार्टीका कार्यकर्तालाई प्रशिक्षण दिने उद्देश्यले नीति तथा अनुसन्धान प्रतिष्ठान गठन गरेको छ । बुधबार बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले उपसभापति विश्वप्रकाश शर्माको संयोजकत्व प्रतिष्ठान गठन गरेको हो ।

प्रतिष्ठानमार्फत नेतृत्व विकास तालिमसहित विभिन्न कार्यक्रम सञ्चालन गर्ने बताए ।

आगामी निर्वाचनलाई व्यवस्थित र दीर्घकालीन रूपमा व्यवस्थापन गर्न 'निर्वाचन ब्युरो' गठन समेत बताए । उक्त ब्युरोको संयोजकत्व उपसभापति पुष्पा भुसाललाई दिइएको छ ।

पार्टी सङ्गठनलाई प्रभावकारी रूपमा सञ्चालन गर्न केन्द्रीय स्तरमा समन्वय गर्ने संयन्त्र पनि निर्माण गरिएको उनले बताए । महामन्त्री गुरुराज घिमिरेको संयोजकत्वमा गठित संयन्त्रमा सहमहामन्त्री बहादुर सिंह लामा र मुकुन्द यादव सदस्य छन् ।

यस्तै, पार्टीको आसन्न महाधिवेशनलाई लक्षित गर्दै सदस्यता व्यवस्थापनलाई व्यवस्थित बनाउन अर्को समिति गठन गरिएको छ ।

महामन्त्री प्रदीप पौडेलको संयोजक रहेको समितिमा सहमहामन्त्री योगेन्द्र चौधरी र प्रकाश स्नेही सदस्य छन् । उक्त समितिले १५औं महाधिवेशनका लागि क्रियाशील सदस्यता व्यवस्थापनको जिम्मेवारी सम्हाल्नेछ ।


## पेन्सन पट्टा हराएको सूचना !

यरीचोदेखि तातापानी जाँदै गर्दा मेरो पेन्सन पट्टा ५३५५१२ नम्बरको मिति २०८२ फागुन २० गते हराएकाले भेटाउनुहुने व्यक्तिले नजिकैको प्रहरी कार्यालयमा वा निम्न बमोजिम ठेगानामा बुझाइदिन हुन अनुरोध छ ।

तपसिलः

**नाम**ः गीता रोकाया **पेन्सन पट्टा नं.** ५३५५१२
**ठेगाना**ः वीरेन्द्रनगर-३, सुर्खेत
**सम्पर्क** : ९७०१३४०८६०

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति** : २०८३/१/३

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म शम्भु बुढा धनी रहेको दर्ता नम्वर १४०५२ बाट सिम्ता गाउँपालिका-६ मा संचालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री एस.एस. स्केटिङ जोन नामको प्राइभेट उद्योग मेरो घरायसी कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्वन्धीत सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सुचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सुचनाको म्यादभित्र सोको प्रमाणसहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## नयाँ वर्ष २०८३ को

पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं

प्रो.
मदनबहादुर खड्का

**साझा स्टोर्स परिवार**
वीरेन्द्रनगर, सुर्खेत

## नयाँ वर्ष २०८३ को

पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं

**सुर्खेत हस्पिटल प्रा.लि. परिवार**
वीरेन्द्रनगर, सुर्खेत

## नयाँ वर्ष २०८३ को

पावन अवसरमा सम्पूर्ण शेयर सदस्य, बचतकर्ता, एवम् नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं

अध्यक्ष
प्रकाशकुमार तिमिल्सेना

**जिल्ला सहकारी संघ परिवार**
वीरेन्द्रनगर, सुर्खेत





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)